राज्यको ढुकुटीमाथि मनपरी

नेताका नाममा पार्कदेखि लोकमार्ग बनाउन बजेट

कौशिला कुँवर

काठमाडौं- नेपाली कांग्रेस र नेकपा एमालेको सरकारमा उपप्रधानसहित प्रकाशमान सिंहले सहरी विकास मन्त्रालयको बागडोर सम्हालेका थिए । कांग्रेसबाट नेतृत्व गर्दै सरकारमा सहभागी भएका सिंह शक्तिशाली थिए । त्यसमा पनि सहरी विकासजस्तो बजेट 'खेलाउन' मिल्ने मन्त्रालयको नेतृत्व गरेका उनका लागि राम्रो अवसर हात लाग्यो ।

त्यो अवसर मिल्नुमा एमालेबाट उपप्रधानसहित अर्थमन्त्री भएका विष्णु पौडेलबीचको समन्वय प्रमुख थियो । दुई दलका त्यो पनि महत्वपूर्ण मन्त्रालय नेतृत्व गरेका सिंह र पौडेलले बजेटमा तजबिजीका आधारमा रकम बिँनियोजन गरेको भेटिएको छ ।

उनले काठमाडौंमा गणेशमान सिंहका नाममा पार्कदेखि लोकमार्ग बनाउनसमेत बजेट बिँनियोजन गरेका छन् । सिंहले गणेशमान सिंह नामका कार्यक्रमका लागि मात्र देशभर ३७ करोड ५० लाख रुपैयाँ बजेट राखेका छन् । पाशुपानी पटाप कुन्डेस्वर गणेशमान सिंह लोक मार्ग नामक कार्यक्रमका लागि ८ करोड राखिएको छ ।

जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमानका नाममा पार्क निर्माण गर्नु अन्यथा होइन । तर, उनले नेताको नाममा बजेट निकासा गर्ने सम्प्रदायलाई निरुत्तर दिए । सिंहले विभिन्न साना टुक्रे आयोजनादेखि ठूला आयोजनाका लागि करिब ५ अर्ब ३५ करोड ५० लाख रुपैयाँ बजेट लिएका छन् ।

सिंहले आफ्नो मन्त्रालयको बजेट बिँनियोजन गरेको विषय अहिले पनि चर्चा हुने गरेको छ । सिंहका निजी सचिवालयमा काम गरेका थिए दूर्गी लामिछानेले । सहरी विकास मन्त्रालयका कतिपय टुक्रे योजना उनै लामिछानेको छनोटमा परेका थिए । लामिछानेले आफ्नो हात जगन्नाथजस्ते गरेर आफ्नो घर भएको शंखरापुर नगरपालिकामा एकीकृत सहरी पूर्वाधार विकास कार्यक्रमका लागि चार करोड रुपैयाँ बिँनियोजन गरेको पाइएको छ ।

चालु आर्थिक वर्षको बजेट निर्माणमा सहभागी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.शिवराज अधिकारी आफूलाई भुङ्याएर बजेट प्रणालीमा साना आयोजना राखिएको स्वीकार्छन् । बजेट निर्माणका क्रममा ३ करोड रुपैयाँभन्दा कमका साना आयोजनाहरू केन्द्रमा नराख्ने नीति लिइएको थियो । तर, नेताका कार्यकर्ता रिझाउन टुक्रे आयोजना बजेटमा राख्ने प्रवृत्ति रोक्ने धेरै प्रयासका बावजुद पनि सहरी विकास र पर्यटन मन्त्रालयले हामीलाई नै 'भुङ्याएर' आयोजनाहरू बजेट प्रणालीमा प्रविष्ट गराएको पाइयो,' उनले भने ।

यस्तै अर्थमन्त्री पौडेलले आफ्नो गृह जिल्ला सप्तरीमा सहरी विकास मन्त्रालयबाट मात्र साना ठूला आयोजनाका लागि करिब ३ अर्ब २३ करोड ३१ लाख रुपैयाँ बजेट बिँनियोजन गर्न लगाए । पौडेलले सिद्धार्थनगर, लुम्बिनी सांस्कृतिक, तिलोत्तमा, सैनामैना र देवदह नगरपालिका गरी पाँच वटा नगरपालिकामा सहरी पूर्वाधारहरूको निर्माण मात्र २ अर्ब ५१ करोड २१ लाख रुपैयाँ बजेट हालेका छन् । पाँच वटामध्ये सबैभन्दा धेरै सिद्धार्थनगर नगरपालिका लागि ४५ करोड रुपैयाँ रकम बिँनियोजन भएको छ ।

यस्तै निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापामा सहरी विकास मन्त्रालयबाट मात्र बिभिन्न पार्क निर्माणदेखि पुल तथा भवन निर्माणका

लागि भनेर करिब १ अर्ब ७३ करोड ४ लाख बढी बजेट बिँनियोजन गरिएको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालको गोरखा र चितवन गरी बिभिन्न पूर्वाधार विकासका नामामा ३४ करोड ६२ लाख रुपैयाँ बजेट बिँनियोजन भएको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको गृहजिल्ला डडेल्धुरामा सहरी विकास मन्त्रालयबाट पूर्वाधार विकासका लागि २४ करोड ८३ लाख रुपैयाँ बजेट बिँनियोजन छ ।

निवर्तमान गृहमन्त्री रमेश लेखकको आफ्नो गृह जिल्ला कञ्चनपुर र कैलालीमा बिभिन्न साना ठूला पूर्वाधार निर्माणका लागि १ अर्ब ८७ करोड ७२ लाख बजेट राखेका छन् । अर्थिंदु केशव आचार्य भन्छन्, 'अहिलेको बजेट निर्माण र बिँनियोजनको शैली हेर्दा यो कुनै देशको आर्थिक योजना नभएर नेताहरूको व्यक्तिगत खल्तीको पैसा छोरे जस्तै छ । सरकारले तीन करोडभन्दा साना आयोजना केन्द्रले नराख्ने भनेर नियम बनाए पनि आफ्ना कार्यकर्ता पोस्नका लागि बजेटमा साना-साना टुक्रे योजनाहरू छ्याएछ्याएकै पारिएको छ ।'

समग्र कर्णाली प्रदेशमा बिँनियोजन भएको कुल बजेटभन्दा भागामा मात्रै बढी बजेट पठाइएको छ । त्यति मात्र होइन, राष्ट्रका साभा व्यक्तित्व हुनुपर्ने नेताहरू अहिले पाटीमा मात्र सीमित हुँदा उनीहरूका नाममा खोलिएका प्रतिष्ठानहरूमा बजेटको रजाई गरेको पाइएको अर्थविद आचार्यले बताए । यो वर्ष मात्र मदन भण्डारी, गणेशमान सिंहलगायत जस्ता नेताका नाममा रहेका प्रतिष्ठानहरूमा करोडौं रुपैयाँ बाँडिएको छ । बजेट प्रणालीलाई सुधार्न प्रोजेक्ट बैंक र विस्तृत परियोजना प्रतिवेदनको अवधारणा ल्याइए पनि नेताहरूले आफ्ना कार्यकर्ता पोस्न त्यसलाई लत्याउँदै आएको छ आचार्य भन्छन् ।

नेता र कार्यकर्ताहरूलाई खुसी पार्न मनपरी बजेटलाई प्रयोग गर्दै आएपछि आयोगले संघीय बजेटमा तीन करोड रुपैयाँभन्दा कमका आयोजना नराख्ने भनेर राष्ट्रिय आयोजना बैंक सम्बन्धी कार्यविधि २०७६ ल्याएको । उक्त कार्यविधिलाई कार्यान्वयन गर्न आयोगले संघीय बजेटमा तीन करोडभन्दा कमका योजना प्रोजेक्ट बैंकमा प्रवेश गर्न निषेध गऱ्यो । तर, मन्त्रीहरूले आफ्नो पहुँच र शक्तिको प्रयोग गर्दै आफ्ना नेता र कार्यकर्ता पोस्ने योजना बजेटमा राख्ने प्रवृत्ति चालु बजेटमा समेत छोडेनन् । विकासे बजेट सबै ठूला नेता कार्यकर्ता र आफ्नो क्षेत्रमा खन्याए ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष मीनबहादुर श्रेष्ठले आहू योजना आयोगमा हुँदा बजेटमा हुने मनपरी रोक्न खोन्दा पनि नसकेको स्वीकार्छन् । नेताहरूलाई राष्ट्रिय आयोगका बैंकको उद्देश्य विपरित टुक्रे योजना तथा पूर्ण रुपमा तयारी नभएका योजना संघीय बजेटमा समावेश नगर्न आग्रह गर्दा उल्टै धम्की आएको उनी बताउँछन् । 'हामो आयोजना नपरे गठबन्धन सरकार नै हलाउँछौं भन्ने सम्मको दबाब सिर्जना भयो,' श्रेष्ठले भने ।

उनका अनुसार बजेट निर्माणमा सबैभन्दा विवादित र पीचिलो विषय साना आयोजनाहरू हुन् । संघीयताको मर्मअनुसार साना योजनाहरू स्थानीयमा हुनुपर्ने र मधेसी प्रदेशले गर्नुपर्ने भए पनि केन्द्रबाटै टुक्रे योजनामा बजेट बिँनियोजन गर्ने प्रवृत्ति कायमै रहेको उनले बताए । टुक्रे योजना राख्न बजेटमा हुने छेडछाडी अझै डरलाग्दो छ ।

उनले भने,' हामीले योजना बैंकको कार्यविधि बनाउँदा संघीय बजेटमा १० करोडभन्दा साना आयोजना नराख्ने प्रस्ताव गरेका थियौं । तर, कार्यविधि पास भए आउँदा मन्त्रिपरिषद्ले त्यसलाई घटाएर ३ करोडको सीमा बनाएको हो । अहिले नेताहरूले तीन करोड तलका आयोजना लुकाउन कतिपय अवस्थामा मन्दिरको छाना छाउने जस्ता स-साना लाखका योजनालाई एकमुष्ट पारेर ३ करोड देखाई प्रक्रियागत रुपमा ढाकछोप गर्ने गरेका गरिएका छन् ।'

घनालले लगाएको लगाम

राज्यको ढुकुटीलाई समानुपातिक र न्यायोचित रुपमा सुगमदेखि दुर्गमसम्म वितरण गरी मुलुकलाई आर्थिक समृद्धि बनाउनेतर्फ ध्यान नदिइ प्रमुख दलका नेता, सांसद र कार्यकर्ताको बाँडीचुडी खाने भौडो बनाएको देखिएपछि जेनजी सरकारका अर्थमन्त्री रामेश्वर खनालले लगाम लगाइदिएका छन् ।

नेताको शक्तिको प्रयोग गरी मनलाग्दी हालेको करिब १ खर्ब २० अर्ब बजेट रोक्नामा परे । अर्थ मन्त्रालयका अनुसार सबैभन्दा धेरै योजना र बजेट सहरी विकास मन्त्रालयको रोक्का भएको छ । अर्थ मन्त्रालयले यही पुस २ मा उपलब्ध गराएको तथ्यांकअनुसार सहरी विकास मन्त्रालयको ६२ अर्ब ६२ करोड ७३ लाख रुपैयाँको विकासे बजेट रोक्का भएको छ । तीन करोडभन्दामाथि रकम भएका बिभिन्न कार्यक्रमको करिब ५९ अर्ब २६ करोड ६५ लाख रुपैयाँका बजेट रोक्का गरेको छ भने तीन करोडभन्दा साना आयोजनाको ३ अर्ब ३६ करोड ७ लाखको बजेट रोक्का गरेको छ ।

सहरी विकाससहित बिभिन्न नौ मन्त्रालयको बजेट रोक्का भएका छन् । अर्थमन्त्री खनालले यो बजेट आगामी फागुन २१ मा हुन लागेको निर्वाचनका लागि खर्च व्यवस्थापन र जेनजी समूहले गरेको आन्दोलनमा आगजनी भएका सार्वजनिक तथा निजी संरचनाहरू पुनर्निर्माणका लागि रोक्का गरेका हुन् । उनले तत्कालका लागि आफ्नुसीका बजेटमा लगाम लगाइदिएका हुन् । अर्थमन्त्री खनालले गरेको बजेट रोक्काको हकमा श्रेष्ठ अन्तरिम सरकारको बाध्यता भएको बताउँछन् । अहिलेको अन्तरिम सरकारले निर्वाचनलाई प्राथमिकतामा राखेर बजेट कटौती गरेको छ । उनले भने,' सरकारसँग तलब, भत्ता, ज्येष्ठ नागरिक भत्ता र सामाजिक सुरक्षा जस्ता अनिवार्य दायित्व कटाउने विकल्प नभएपछि विकास (पुँजीगत) खर्चको बजेट काटु पर्ने बाध्यता आइपरेको हो ।'

पूर्व मुख्यसचिव डा.वैकुण्ठ अर्यालले अन्तरिम सरकारलाई निर्वाचनका लागि नसोचेको खर्च व्यवस्थापन गर्नुपर्ने बाध्यता भएको बताए । यही खर्च जुटाउन सकाइले तीन करोड रुपैयाँभन्दा कम लागतका र केही ठूला आयोजनाहरूको बजेट रोक्का गर्ने निर्णय गरेको उनले बताए । उनले भने,' विशेषगरी साना आयोजना केन्द्रले ओगट्नु हुँदैन भन्ने विषय विगतदेखि नै उठ्दै आएको हो । केन्द्र सरकारले स-साना र टुक्रे आयोजनामा बजेट छर्नु हुँदैन ।' तीन करोड मुनिका आयोजनामा छरिने बजेट रोक्ने निर्णय सरकारको सकारात्मक नै रहेको उनको भनाइ छ ।

जोखिम पनि उस्तै

साना आयोजना भनेर रकम काट्दा अर्थतन्त्रका लागि समेत जोखिम हुने देखिन्छ । कतिपय आयोजना क्रमगत रहेको र पैसा रोक्ने विधिले अर्को वर्ष लागत दोब्बरभन्दा बढी पर्न सक्छ । पूर्व मुख्यसचिव अर्यालको अनुसार धेजैसो आयोजनाहरू वर्षौंदेखि चल्दै आएका (क्रमगत) छन् । कतिपय ५० लाख वा १ करोडका आयोजना पनि कामको अन्तिम चरणमा पुगेका हुन सक्छन् । यस्ता आयोजनाको विश्लेषण नगरी बजेट रोक्दा भन् ठूलो समस्या निम्तिन सक्छ । उनले भने,'कुनै पनि विकास निर्माणको एउटा आफ्नै गति या लय हुन्छ । बीचैमा बजेट रोकिँदा त्यो लय बिग्रिन्छ । अर्को वर्ष त्यही काम पूरा गर्न दुई गुणा बढी बजेट चाहिने हुन्छ । यसले सरकारको आर्थिक दायित्व फटाउनुको साटो उल्टै बढाउने हुन्छ । धेरै आयोजनाहरू ठेकेदारको लापरवाही वा सरकारी भन्झटका कारण लामो समयदेखि अल्भिएका छन् ।'

निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह सरकारले विकास बजेट खर्च नगरी ढुकुटीमा ताला लगाएर यस्ता निर्माण क्षेत्र ठप्प हुने बताउँछन् । विशेषगरी यो वर्ष ३ करोड कमका साना आयोजनाहरू रोक्का गरिँदा गाउँ-गाउँमा पूर्वाधारको काम गर्ने साना निर्माण व्यवसायी र मजदुरहरू सबैभन्दा धेरै मारमा परेको उनको भनाइ छ । अध्यक्ष सिंहका अनुसार सरकारको पछिल्लो नीतिले देशभरका करिब ५ देखि ७ हजार साना निर्माण व्यवसायी प्रत्यक्ष प्रभावित भएका छन् ।

यी व्यवसायीहरू आफै मजदुर र आफै सञ्चालक भएर काम गरिरहेका थिए । निर्वाचन र पुर्ननिर्माणका लागि खर्च व्यवस्थापन गर्न अन्तरिम सरकारको गत असोजको ५ को निर्णयअनुसार पूर्व तयारी नभएका, प्रोजेक्ट बैंकमा समावेश नभएका, कार्यान्वयनमा ल्याउन सम्भव नभएका योजना बजेटमा समावेश गरिएका टुक्रे योजनाहरूको बजेट रोक्का राखेको हो । राज्यको प्राथमिकतामा नरहेका बिभिन्न मन्त्रालयका योजनाहरूको बजेट तत्कालको लागि स्थगनमा राखिएको र यसले विकासमा प्रभाव नपर्ने अर्थ मन्त्रालयका प्रवक्ता तथा सहसचिव टंकप्रसाद पाण्डेयले जानकारी दिए ।

खनालका निशानामा परेका कार्यक्रम

अर्थ मन्त्रालयले उपलब्ध गरेको तथ्यांकअनुसार बिभिन्न ९ वटा मन्त्रालयको बजेट रोक्का भएको छ । बजेट रोक्का भएका मन्त्रालयमा सहरी विकास, भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा जलस्रोत तथा सिंचाइ, खानेपानी, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, वन तथा वातावरण, युवा तथा खेलकुद, उद्योग, वाणिज्य तथा आपूर्ति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेका छन् ।

सहरी विकासको तीन करोडमाथिका १० वटा शीर्षकको ५९ अर्ब २६ करोड बजेट रोक्का भएको छ भने साना तीन करोडभन्दा कम रकमका आठ वटा शीर्षकको ३ अर्ब ३६ करोड बजेट रोक्का भएको छ । भौतिक पूर्वाधारको तीन करोडमाथिका पाँच वटा शीर्षकको १९ अर्ब ३२ करोड र साना दुई वटा आयोजनाको ९ करोड ३१ लाख बजेट रोक्का भएको छ । खानेपानी मन्त्रालयको तीन करोडमाथिका पाँच वटा आयोजनाको ९ अर्ब ४२ करोड बजेट रोक्का भएको छ भने तीनभन्दा साना साता वटा आयोजनाको शीर्षकबाट २ अर्ब १६ करोड बजेट रोक्का गरिएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको एउटा तीन करोडमाथि रकम भएको कार्यक्रमको शीर्षकबाट ९५ करोड बजेट रोक्का भएको ६ भने तीन करोडभन्दा सानो ९ करोड बजेट रोक्का गरिएको छ । यस्तै, वन तथा वातावरण मन्त्रालयको तीन करोडमाथिका दुई कार्यक्रमको शीर्षकबाट ६४ करोड बजेट रोक्का गरेको छ । ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको तीन करोडमाथिका ६ वटा कार्यक्रमको शीर्षकबाट ७ अर्ब १३ करोड ७ लाख बजेट रोक्का गरिएको छ । तीन करोडकमका बजेट भएका कार्यक्रम शीर्षकबाट १३ करोड ७ लाख बजेट रोक्का भएको छ ।

खानेपानी मन्त्रालयको तीन करोडमाथिका आयोजनाको ९ अर्ब ४२ करोड रोक्का गरिएको छ भने तीन करोडभन्दा साना आयोजाको २ अर्ब १५ करोड बजेट रोक्का भएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयनको तीन करोडमाथिका आयोजनाको ३ अर्ब ३६ करोडको बजेट रोक्का गरेको छ भने तीन करोडकमका ६२ करोडको बजेट रोक्का भएको छ । युवा तथा खेलकुद मन्त्रालयको तीन करोडमाथिका २ अर्ब ७७ करोड बजेट रोक्का भएको छ भने सीधै माभिला तथा सामान्य प्रशासनको तीन करोडमाथि रकम भएको आयोजनाको शीर्षकबाट २८ करोड बजेट रोक्का भएको छ ।

सहरी विकास मन्त्रालयका सह प्रवक्ता मोहदत्त भट्टका अनुसार मन्त्रालयको कुल बजेट ९१ अर्ब ३४ करोडमध्ये अर्थमन्त्रालयले ६१ अर्ब ७६ करोड बजेट रोक्का गरेको हो । जसमा कुल आयोजना संख्या २ हजार १९० वटा थिए । यसमा सहरी विकास भवन निर्माणका १ हजार २८० वटा, स्थानीय पूर्वाधार विकास विभागका ८७० वटा, काठमाडौं उपत्यका विकास प्राधिकरणका ३४ वटा, बागमती सुधार आयोजनाका ६ वटा थिए ।

रोक्कामध्ये पूर्वतयारी भएर बोलपत्र आह्वान भएका ४३६ वटा आयोजना फुकुवा भएका छन् । जसका लागि करिब १३ अर्ब रुपैयाँ फुकुवा भएको छ । क्रमागत बहुवार्षिक आयोजना १ ह जार ५१ वटा छन् । बोलपत्र आह्वान भएका एक हजार आयोजना छन् । तीन करोड भन्दा तलका लाखका आयोजना ७४ वटा छन् ।

व्यक्तिको नाममा रहेका आयोजना र रकम

क्र.नं.	व्यक्तिका नामका कार्यक्रम	बजेट (रु. लाखमा)
१	गणेशमान सिंह लोक मार्ग, पाशुपानी पटाप कुन्डेस्वर (शंखरापुर, काठमाडौं)	८००
२	गणेशमान सिंह पार्क (जहरसिंहपौवा, काठमाडौं)	४००
३	गणेशमान सिंह अध्ययन प्रतिष्ठान (शिवसताक्षी, भाप्पा)	४००
४	गणेशमान, वाटिका (सूर्यविनायक, भक्तपुर)	४००
५	गणेशमान चारनाथ नगरपालिका (धनुषा) एकीकृत सहरी पूर्वाधार कार्यक्रम	४००
६	गणेशमान चारनाथ नगरपालिका (प्रदेश-२ जोड्ने सडकको कालोपत्रे, सिन्धुली)	१७५०
७	मदन भण्डारी स्मृति सभाहाल (त्रिभुवन, उदयपुर)	५००
८	मदन भण्डारी मेमोरियल स्कुल तथा कलेज (काठमाडौं) पूर्वाधार निर्माण	६००
९	मदन भण्डारी आवासीय विश्वविद्यालय (दाँडौं, काठमाडौं)	३००
१०	मदन भण्डारी फाउन्डेसन पूर्वाधार (काठमाडौं)	३००
११	मदन भण्डारी प्लानेटोरियम निर्माण (गोरङ)	३००
१२	बी.पी. स्मृति भवन निर्माण (तनहुँ)	३००
१३	बी.पी. स्मृति पार्क निर्माण (सिन्धुली, दुई चरणमा)	८०
१४	कृष्णप्रसाद भट्टराई फाउन्डेसन पूर्वाधार (गोरङ)	३००
१५	पुष्पलाल: पुष्पलाल स्मृति पार्क निर्माण (रामेछाप)	७०
१६	रत्नकुमार बान्तवा: शान्तिमार्ग रत्नकुमार बान्तवा स्मृति भवन सडक (झापा)	१०००
	व्यक्तिका नाममा मात्र	७९००

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

महादेवस्थान, काम्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
फोन नं. ०११४१२११३

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/२४)

यस नगरपालिकाको सूचना बमोजिम यस नगरपालिका भित्र रहेका तपसिल बमोजिमको योजनाहरूको कार्यको लागि बनबाइन मार्फत प्राप्त बोलपत्रहरूको प्राविधिक र आर्थिक प्रस्ताव मूल्यांकन गरि मूल्यांकन समितिले प्रक्रियागत रुपमा पेस गरेको प्रतिवेदन अनुसार सारभुतरुपमा प्रभावपार्ने रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिलका योजनाहरूको लागी तपसिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्य नं	योजनाको नाम	प्रस्तावदाताको नाम/ठेगाना	कबोल अंक (भ्याट सहित)
14/Works/NCB/MDM/082/83	Kavrepalanchock Mandandeupur Nagarpalika Wada No.12 Bhatere Samudayik Bhawan Nirmaan	M.S Construction, Joshigaun	रु २१,९८,०६५।२८ (एकाइस लाख अन्ठानब्बे हजार छेसठी रुपैयाँ अठ्ठाविस पैसा मात्र)
15/Works/NCB/MDM/082/83	Kavrepalanchowk Jilla Mandandeupur Nagarpaalika ward No 5 Panchakanya Riccmill Bata Bayarbot jane sadak	Taudil Bilders, Roshi	रु ३६,५४,९०४।९५ (छत्तीस लाख पैसठी हजार नौ सय तिन रुपैयाँ पन्चानब्बे पैसा मात्र)
16/Works/NCB/MDM/082/83	KRISHI UPAJ SANKALAN KENDRA STHAPANA TATHA GAIRIBISAUNA KHOP KENDRA SUDRIDHIKARAN, MANDANDEUPUR-6	M.S Construction, Joshigau	रु २७,३१,४७।०९ (सत्ताइस लाख एकतिस हजार पाँच सय एकहत्तर रुपैयाँ नौ पैसा मात्र)
17/Works/NCB/MDM/082/83	BARPIPLE KHEL MAIDAN NIRMAN, MANDANDEUPUR NA.PA.-6, Kavreplanchok	Hulas Construction Company Pvt. Ltd, Bhaktapur	रु १७१४,२८४।६२ (सत्र साख पन्ध्र हजार दुई सय पचासी रुपैयाँ बेसठी पैसा मात्र)
18/Works/NCB/MDM/082/83	Kavrepalanchowk Jilla Mandandeupur Na. Pa Ward No 07 Kunta Nursary - Naubise-Jaimane Sadak	Jalpari Construction And Suppliers Pvt.Ltd, Kathmandu	रु ४९,१९,४६।८६ (उनानपचास लाख उन्नाइस हजार सात सय छयासीस रुपैयाँ छयानौ पैसा मात्र)

प्रमुख प्रशासकीय अधिकृत

नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दर

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रुपैयाँ	१०० को	रु. १६०।००	रु.१६०।१५
अमेरिकी डलर	१ को	रु. १४३.५२	रु. १४४.१२
युरो	१ को	रु. १६७.७७	रु. १६८.४८
पाउण्ड स्टर्लिङ	१ को	रु. १९३.७६	रु. १९४.५७
स्विस फ्रैन्क	१ को	रु. १८०.२६	रु. १८१.०१
अष्ट्रेलियन डलर	१ को	रु. ९९.७३	रु. ९७.१४
क्यानेडियन डलर	१ को	रु. १०३.९७	रु. १०४.४१
सिंगापुर डलर	१ को	रु. ११२.०१	रु. ११२.४८
जापानी येन	१० को	रु. ९.१७	रु. ९.२१
चिनियाँ युआन	१ को	रु. २०.४९	रु. २०.५८
साउदी अरब रियाल	१ को	रु. ३८.२७	रु. ३८.४३
कतारी रियाल	१ को	रु. ३९.३७	रु. ३९.५४
थाई भाट	१ को	रु. ४.५८	रु. ४.६०
संयुक्त अरब इमिरेट दिराम	१ को	रु. ३९.०७	रु. ३९.२४
मलेशियन रिंगिट	१ को	रु. ३५.३७	रु. ३५.५२
दक्षिण कोरियन वन	१०० को	रु. ९.९२	रु. ९.९६
स्विडिस क्रोनर	१ को	रु. १५.६१	रु. १५.६८
डेनिस क्रोनर	१ को	रु. २२.४५	रु. २२.५५
हङ्कङ डलर	१ को	रु. १८.४३	रु. १८.५१
कुवेती दिनार	१ को	रु. ४६९.७९	रु. ४७१.७५
बहराइन दिनार	१ को	रु. ३८०.७३	रु. ३८२.३२
ओमानी रियाल	१ को	रु. ३७२.७९	रु. ३७४.३५

पृष्ठ १ बाट जारी

सुस्त...

विगतमा बीमा सरेण्डर गरेर भए पनि मुहती सिध्येपा राख्ने चलन रहेदै आएकोमा अहिले बैंकको मुहती सिध्येको ब्याजदर घटिरहेका कारण बिमितले यतै राम्रो ठानेको उनी बताउँछन् । पछिल्लो समय रकम झिकेर लगानी गर्ने, व्यवसाय गर्ने माहोल नभएका कारण पनि बिमितहरूले सरेण्डर नगरेको पाइएको प्रसाईंको भनाइ छ । उनले भने, 'बिभिन्न समयमा भइरहेका आन्दोलन, जोखिम लगायतका कारण असुरक्षित महसुस भएपछि बीमा गर्नुमैं चेत विकास हुँदै गइरहेको जस्तो पनि देखिएको छ ।'

पछिल्लो समय रेमिटेन्स आइबाह बढिरहँदा नागरिकले रकम व्यवस्थापन गर्न सकेको जस्तो देखिएको कतियको भनाइ छ । कोभिडपछि अर्थतन्त्रको दबाब कम हुँदै जाँदा नागरिकलाई केही सहज हुन थालेको देखिएको उनीहरूको भनाइ छ । यसबाहेक बिभिन्न किसिमका तनावले बीमा गर्नुमैं चेतनाको विकास नागरिकमा हुँदै जाँदा समेत सरेण्डर विगतको तुलनामा केही पछेको बीमा क्षेत्रका जानकारहरू बताउँछन् ।

जीवन बीमक संघका निर्वतमान अध्यक्ष पोषकराज पौडेल अहिले विगतमा नगद अभाव भइरहेकोमा अहिले केही सहज भएकोले सरेण्डर कम भएको बताउँछन् । अहिले ब्याजदर कम हुँदा बैंकमा पनि केही सहज भएको उनले बताए । बजारमा तरलता फालाफाल हुँदा बीमामा त्यसको सकारात्मक प्रभाव परेको उनको सुझाइ छ । कारोबारसँग उनले भने, 'तरलता बढी हुँदा यता सहज हुनु सकारात्मक हो । तर, अर्थतन्त्र चलायमान हुनुपर्छ । तरलता परिचालन हुनुपर्छ ।'

बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदी अहिले बैंक ब्याजदर घट्दै जाँदा मानिसले अन्य स्रोतबाट रकम ननिकालेको बताउँछन् । सोही कारण सरेण्डर घटेको हुन सक्ने उनको भनाइ छ । 'सामान्य खर्च पूर्तिका लागि रकम झिकेर क्रम थियो ।

पछिल्लो चार वर्षको अवस्था

विगतमा बीमा कम्पनीहरूबाट बीमा पोलिसी सरेण्डर गर्ने क्रम बढिरहेको तथ्यांकले देखाएको छ । आव २०८१-८२ मा १ लाख ८ हजार २३८ बिमितले पोलिसी परित्याग गर्दा १५ अर्ब १५ करोड २१ लाख रुपैयाँ बीमा कम्पनीहरूले भुक्तानी गरेका थिए । आव २०८०-८१ मा एक लाख ११ हजार ३६३ बिमितले बिमालेख परित्याग गर्दा १३ अर्ब २९ करोड रुपैयाँ झिकिएको थियो ।